# चामे गाउँपालिका

# स्थानीय राजपत्र


चामे गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ०१ )चामे, असार ३० गते, २०७४ साल (पूर्वअतिरिक्ताङ्क ०३


## भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चामे गाउँपालिकाको गाउँसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको

सम्बत् २०७४ सालको ऐन नं. १

**चामे गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको**

**ऐन, २०७४**

**प्रस्तावनाः**चामे गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुक्ल संकलन गर्ने,

छुट दिने तथा आय संकलनको लागि प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उप-धारा (२) बमोजिम चामे गाउँसभाले यो ऐन, बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन,२०७४" रहेको छ ।

(२) यो २०७४ साल श्रावण १ गते देखि चामे गाउँपालिकाको क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर** :गाउँपालिकाको क्षेत्रभित्र अनुसूची १ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** :गाउँपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४.**घर जग्गा बहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची ३ बमोजिम घरजग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिवुटी, जीवजन्तु र कवाडी कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, वनकस, कवाडीी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको

हाड, छाला, प्वाँख, जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल विटौरी शूल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची ९ बमोजिम हाल बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११.पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, रक क्लाइम्विङ, कोयोकिङ, क्यानोइङ्ग, ऱ्याफ्टीङ, बन्जी जम्पीङ, जिपफ्लायर शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, रक क्लाइम्विङ,

कोयोकिङ, क्यानोइङ्ग, र्‍याफ्टीङ, बन्जी जम्पीङ, जिपफ्लायर आदिको सेवा वा व्यावसाय सञ्चालन गरेवापत अनुसूची ११ बमोजिम शुल्क लगाइने र अुसूल उपर गरिनेछ ।

**१३. पर्यटन शुल्क :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१४. सेवा शुल्क दस्तुर :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शूल्क लगाइने र असूल उपर गरिनेछ ।

**१५. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

**१६.कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अुनसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूचि - १

(दफा २ संग सम्बन्धित)

## एकिकृत सम्पत्ति कर

| क्र. सं. | एकिकृत सम्पत्ति कर लाग्ने क्षेत्र | करको दायरा | करको दर |
|---|---|---|---|
| १. | एकिकृत सम्पत्ति कर ( घर र जग्गामा एकिकृत रुपमा) | RCC पक्की घर | रु १०००। वार्षिक |
| | | ढुङ्गामाटोको कच्ची घर | रु ५००। वार्षिक |
| | | काठको घर | रु ३००। वार्षिक |

## अनुसूचि-२

(दफा ३ संग सम्बन्धित)

## भूमि कर (मालपोत)

| क्र.सं. | भूमिको प्रकार | | करको दर |
|---|---|---|---|
| १. | भूमिकर (मालपोत) प्रतिरोपनी | अव्वल | रु १००(५ रोपनीसम्म रु १०० सो भन्दा माथि प्रतिरोपनी रु ५०) |
| | | दोयम | रु ८०(५ रोपनीसम्म रु ८० सो भन्दा माथि प्रतिरोपनी रु ३०) |
| | | सीम | रु ७०(५ रोपनीसम्म रु ७० सो भन्दा माथि प्रतिरोपनी रु ३०) |
| | | चाहार | रु ६०(५ रोपनीसम्म रु ६० सो भन्दा माथि प्रतिरोपनी रु २०) |
| | | पाँचौ | रु ५०(५ रोपनीसम्म रु ५० सो भन्दा माथि प्रतिरोपनी रु १०) |

## अनुसूचि-३

(दफा ४ संग सम्बन्धित)

## घर जग्गा बहाल कर

| क.सं. | घर जग्गा बहाल प्रकार | करको दर |
|---|---|---|
| १. | घरवहाल कर (व्यक्तिगत वहाल) | वहाल रकमको १० प्रतिशत |
| | (संथागत वहाल) | वहाल रकमको १० प्रतिशत |

## अनुसूचि-४

(दफा ५ संग सम्बन्धित)

## व्यवसाय कर

| क.सं. | व्यवसायको प्रकार | करको दर |
|---|---|---|
| १. | ठूलो पसल | रु १०००।- प्रतिपसल |
| २. | ठूलो होटेल (पाँच लाख र सो भन्दा वढि पूजी भएको) | रु १०००।- |
| ३. | मझौला तथा साना होटेल (पाँच लाख भन्दा कम पूजी भएको) | रु ५००।- |
| ४. | मदिराजन्य, सुर्तीजन्य पदार्थ वेच्ने होटेल तथा पसलले थप तिर्नुपर्ने | मदिराजन्य पदार्थ वेच्नेको लागि रु ५०० थपसूर्तीजन्य पदार्थ वेच्नेको लागि रु २०० थप |

## अनुसूचि-५

(दफा ६ संग सम्बन्धित)

## जडिवुटी, जीवजन्तु र कवाडी कर

| क.सं. | जडिवुटी, जीवजन्तु र कवाडी प्रकार | करको दर (प्रतिकेजी ) |
|---|---|---|
| १. | गुच्छे च्याउ | रु ५००।- |
| २. | अन्य च्याउ | रु ५०।- |
| ३. | वन लसुन, कुड्की | रु १०० ।- |
| ४. | निरमसी | रु ४००।- |
| ५. | यार्शागुम्वा | रु १०,०००।- |
| ६. | पदमचाल | रु ८०।- |
| ७. | जटामसी | रु १०० ।- |
| ८. | कुरिलो | रु ५०।- |
| ९. | धुपी | रु ५०।- |
| १०. | टिमुर | रु ५०।- |
| ११. | निगालो टुसा | रु ५०।- |
| १२. | छाप्ने ढुङ्गा | रु १० ।- क्युफिट |
| १३. | बालुवा | रु ५।- प्रतिवोरा |

## अनुसूचि-६

(दफा ७ संग सम्बन्धित)

### सवारी साधन कर

| क.सं. | सवारी साधनको प्रकार | करको दर |
|---|---|---|
| १. | हेवी ट्रक | रु १००। |
| २. | वस, जीप साना सावारी | रु ५०। |
| ३. | मोटरसाइकल | रु २०। |

## अनुसूचि-७

(दफा ८ संग सम्बन्धित)

### विज्ञापन कर

| क.सं. | विज्ञापन प्रकार | करको दर |
|---|---|---|
| १. | सार्वजनिक स्थलमा होडिङ वोर्ड | रु ५००० वार्षिक |

## अनुसूचि-८

(दफा ९ संग सम्बन्धित)

### मनोरञ्जन कर

| क.सं. | मनोरञ्जन व्यवसायको प्रकार | करको दर |
|---|---|---|
| १. | पिकनिक स्पट | रु ५००।- |
| २. | शुटिङ स्पट | रु २०००।- |

## अनुसूचि-९

(दफा १०संग सम्बन्धित)

### वहाल विरौटी शुल्क

| क्र.सं. | वहाल विरौटीको प्रकार | शुल्क दर |
|---|---|---|
| १. | जग्गा | रु ५००।- प्रतिरोपनी |
| २. | घर छाप्रो | रु १०० ।- प्रतिघर |

## अनुसूचि-१०

(दफा ११संग सम्बन्धित)

### पार्किङ शुल्क

| क्र.सं. | पार्किङ गर्ने सवारीको प्रकार | शुल्क दर |
|---|---|---|
| १. | हेवी ट्रक | रु १००। |
| २. | वस, जीप साना सावारी | रु ५०। |
| ३. | मोटरसाइकल | रु २०। |

## अनुसूचि-११

(दफा १२ संग सम्बन्धित)

### साहसिक खेल व्यवसाय शुल्क

| क.सं. | साहसिक खेल व्यवसायको प्रकार | शुल्क दर |
|---|---|---|
| १. | र्‍याफ्टीङ, कायकिङ | रु १००० प्रति पटक |
| २ | ट्रेकिङ | रु १००० प्रति पटक |
| ३ | रक क्लाइविङ | रु २००० प्रति पटक |
| ४ | जीप फ्लायर | रु २००० प्रति पटक |

## अनुसूचि-१२

(दफा १३ संग सम्बन्धित)

### पर्यटन शुल्क

| क.सं. | शूल्क प्रकार | शुल्क दर |
|---|---|---|
| १. | पर्यटन शुल्क (पार्क, भ्यु पोइन्ट प्रवेश) | रु ५० प्रति पटक |

## अनुसूचि-१३

(दफा १४ संग सम्बन्धित)

### सेवा शुल्क दस्तुर

| क.सं. | सेवाको प्रकार | | शुल्क दर |
|---|---|---|---|
| १. | सेवा शुल्क | घर नक्शा पास शुल्क | रु १०। स्वाएर फिट |
| | | सामान्य निवेदन/उजुरी शुल्क | रु २०। |

| | | | |
|---|---|---|---|
| | | सामान्य प्रमाणित दस्तुर | रु २००। |
| | | सामान्य सिफारिस दस्तुर | रु ३००। |
| | | अंग्रेजीमा सिफारिस दस्तुर | रु ५००। |
| | | घरेलु व्यावसाय दर्ता | रु १५००। |
| | | घरेलु व्यवसाय नविकरण | रु १०००। |
| | | भरुवा वन्दुक नविकरण | रु ३००। |
| | | चार किल्ला प्रमाणित | रु ३००। |
| | | सर्जमिनजमिन/म्याद तामेलसम्पत्ति | रु १०००। |
| | | आयस्रोत मूल्यांकन सिफारिस प्रति लाखमा | रु २००। |
| | | नाता प्रमाणित | रु ३००। |
| | | चार किल्ला प्रमाणित | रु ३००। |
| | | सर्जमिनजमिन/म्याद तामेल | रु १०००। |
| | | घरजग्गा मूल्यांकन प्रति लाख | रु १००। |
| | | घटना(जन्म मृत्यु वसाइसराइ) दर्ता | रु ५०। (३५ दिने म्याद नाघेमा) |

**प्रमाणिकरण मिति :** २०७४ साल असार ३० गते शुक्रबार

**आज्ञाले,**

**गंगबहादुर थापा**

**प्रमुख प्रशासकीय अधिकृत**

सम्बत् २०७४ सालको ऐन नं. २

# चामे गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्चा गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

**प्रस्तावनाः**

चामे गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि, सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय, भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम चामे गाउँसभाले यो ऐन, बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " चामे गाउँपालिकाको विनियोजन ऐन,२०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष२०७४।०७५ को निमित्त गाउँ/नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा रकार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाकोरकम समेत गरी जम्मा रकम रु १५,४७,४३०००। (अक्षेरुपी पन्ध्र करोड सट्चालिस लाख त्रिचालिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन:** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष२०७४।०७५ को निमित्त चामे गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति रविषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समितिर विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचतहुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मारकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वाएक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्चर वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमाबाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फबिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षककोजम्मा स्वीकृतरकमको १० प्रतिशत भन्दा

बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची-१

(दफा २ संग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिमसंञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**प्रमाणिकरण मिति :** २०७४ साल असार ३० गते शुक्रबार

**आज्ञाले,**

**गंगबहादुर थापा**

**प्रमुख प्रशासकीय अधिकृत**



**मुद्रक :** चामे गाउँपालिका, गण्डकी प्रदेश । मूल्य रु ५०।-